नेपाल सरकार

कृषि तथा पशुपंछी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई

केरा जोन, चितवन

## कार्यक्रम संचालनका लागि माग पत्र पेश गर्ने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/१०/१२**

चितवन जिल्लाका भरतपुर महानगरपालिका वडा नं. १, रत्ननगर नगरपालिकाका सवै वडाहरु, खैरहनी नगरपालिकाका सवै वडाहरु, कालिका नगरपालिकाका १ देखि ८ वडाहरुमा केरा बालीमा व्यवसायिक केरा उत्पादन तथा प्रशोधन केन्द्र विकास कार्यक्रम (जोन) यसै आ.व.देखि संचालन भैरहेको संन्दर्भमा उपरोक्त अनुसारका स्थानहरुमा कार्यरत रही जोनमा सूचिकृत सहकारी, कृषक समूह, जलउपभोक्ता समूह र कृषक उद्यमीहरुबाट चालु आर्थिक वर्ष ०७५/०७६ मा संचालन हुने तपशिल अनुसारका कार्यक्रम संचालनका लागि सूचना प्रकाशन भएको मितिले ३० दिन अर्थात २०७५ साल फाल्गुन १३ गते भित्र तपशिलमा उल्लेखित विवरण सहित प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. पोष्ट हार्भेष्ट सेन्टर स्थापना (बाली उत्पादनोपरान्त गरिने क्रियाकलापको लागि आवश्यक सहयोग जस्तै संकलन केन्द्र/धर्मकाटा/राईपनिङ्ग च्याम्वर/अन्य पोष्टहार्भेष्ट उपकरणहरु ) ८५ प्रतिशत अनुदान सहयोग ।

२. केरा बालीको व्यवसायिक उत्पादन तथा प्रशोधनका लागि बाली लगाउने देखि बाली भित्र्याउने तथा भण्डारणका लागि समेत प्रयोग हुने औजार सहितको कस्टमहाइरिङ्ग सेन्टर स्थापना ५० प्रतिशत अनुदानमा वितरण ।

३. सिचाईको पूर्वाधार निर्माण अन्तरगत थोपा सिंचाई/ सोलार लिफ्टिङ्ग सिचाइ स्किम/स्यालो ट्युववेल संचालनमा ८५ प्रतिशत अनुदान सहयोग ।

**पेश गर्नु पर्ने आवश्यक कागजपत्रहरुः**

१. रु १० को हुलाक टिकट सहितको निवेदन ।

२. समूह/सहकारी/ कृषि उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. कार्यक्रम माग सम्वन्धी बैठकको निर्णयको प्रतिलिपि ।

४. भौतिक निर्माण गरिने भएमा जमीनको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि थान १(एक) र आफ्नो स्वामित्वमा नभै भाडामा लिएको अवस्थामा १० (दश) वर्षको संझौता वा मंजुरीनामा गरेको कागजको प्रतिलिपि।

५. भौतिक निर्माणको लागत अनुमान सहितको प्रस्ताव ।

६. सम्वन्धित स्थानीय तहको सिफारिस ।

**नोटः** अन्य थप जानकारीका लागि परियोजना कार्यान्वयन इकाइको कार्यालय, केरा जोन भरतपुर चितवन ( साविक जिल्ला कृषि विकास कार्यालयको माथिल्लो तला ) को सम्पर्क नं. ०५६-५२४३१२ वा केरा जोन चितवनको Facebook page केरा जोन वा इमेल zonebananactw@gmail.com मा सम्पर्क गर्नु हुन ।

महेश्वर लामिछाने
वरिष्ठ कृषि अधिकृत (रा.प.)